# राक्सिराङ्ग गाउँपालिका

Raksirang Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

चैनपुर, मकवानपुर

Chainpur, Makawanpur

:- info@raksirangmun.gov.np
:- raksirangmun.gov.np
:-९८५५०७७६०१ (अध्यक्ष)
:- 9855077601 (Chairperson)
:-९८५५०८८८६६ (प्र.प्र.अ.)
:- 9855088866 (C.A.O.)

बागमती प्रदेश, नेपाल

Bagamati Province, Nepal


पत्र संख्या / Ref.No :- २०७७/०७८

च.नं. / Dispatch No :-

मिति: २०७८/०२/०१

## ध्यानाकर्षण।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ सङ्क्रमणले हाल सिङ्गो जगतलाई नै आक्रान्त बनाई मानव जातिकै अस्तित्व सङ्कटको अवस्थामा लगेको सन्दर्भमा आपसी मेल, भाईचारा, सहयोग, सदभाव र सहकार्य सहित यस विरुद्ध लड्नुको विकल्प छैन। यही सन्दर्भमा गाउँपालिकाले अस्थाई कोभिड अस्पताल संचालनमा ल्याई सङ्क्रमणको जोखिम पहिचान, परिक्षण एवं सङ्क्रमितहरुको उपचार गरिरहेको छ। साथै मिति २०७८/०१/३० गते हेटौंडा अस्पताललाई ५ वटा अक्सिजन सिलिण्ड समेत उपलब्ध गराएको छ।

राक्सिराङ्ग स्वास्थ्य चौकी, चैनपुरमा कार्यरत स्वास्थ्यकर्मी सि.अ.हे.व. श्री यम प्रसाद गौतम एवं उहाँको परिवार नै कन्ट्याक्ट ट्रेसीङमा पर्नुभई एन्टीजेन परिक्षण गर्दा उहाँको परिवारका अन्य सदस्य सहित आमाको समेत नतिजा पोजेटिभ देखिएको र निजको आमाको स्वास्थ्य अवस्था प्रतिकुल बन्दै गर्दा तत्काल अक्सिजन सहितको उपचार आवश्यक परेको तर हेटौंडा स्थित चुरेहिल हस्पिटल प्रा.लि., मकवानपुर सहकारी अस्पताल र हेटौडा अस्पतालले मिति २०७८/०१/३१ गते विज्ञप्ति मार्फत अक्सिजन एवं बेडको अभावका कारण उपचारमा असहजता आएको जानकारी दिएको र तत्काल वरपरका अन्य अस्पतालहरुमा समेत अक्सिजन सहितको उपचार नहुने अवस्था भएकाले उहाँको गम्भीर स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै तत्काल राक्सिराङ्ग गाउँपालिकाद्वारा संचालित अस्थाई कोभिड अस्पतालमा लगी उपचार गर्ने क्रममा मिति २०७८/०१/३१ गते भएको निधन प्रति हामी अत्यन्त दुःखित छौं। मृतक प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो हार्दिक समबेदना व्यक्त गर्दछौं।

यस दुखद घडीमा निज स्वास्थ्यकर्मी एवं गाउँपालिका प्रति केहि अराजक र अमानवीय व्यक्तिहरुले "*राक्सिराङ्ग गाउँपालिका बाहिरका व्यक्तिहरुको उपचार गरि हाम्रो स्वास्थ्य संसाधनको दुरुपयोग भयो*" भन्ने खालका संकीर्ण एवं अति अमानवीय आक्षेप लगाई दुर्व्यवहार समेत गरेको प्रति राक्सिराङ्ग गाउँपालिकाको गम्भीर ध्यान आकृष्ट भएको छ। यस किसिमको घृणित कार्य गरि स्वास्थ्य सेवामा खलल पुर्याउनेहरु प्रति यथाशिघ्र नियमानुसारको कारबाहीका लागि सुरक्षा निकायलाई अनुरोध गर्दछौं।

स्वास्थ्य सङ्कटको यस विषम परिस्थितिमा निष्ठापूर्वक अहोरात्र खटिई स्वास्थ्यकर्मीहरुबाट निर्वाह भएको अतुलनीय भूमिकाको राक्सिराङ्ग गाउँपालिका सम्मान सहित प्रशंसा गर्न चाहन्छ। साथै पीडाको यस घडीमा सम्पूर्ण स्वास्थ्यकर्मीहरुहरुको मनोबल बढ्ने क्रियाकलाप एवं कोभिड १९सङ्क्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनमा सहयोग गर्नुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं।

राजकुमार मल्ल

अध्यक्ष